# ★★ EVERY ★★ KID IN A PARK



**4 कक्षाका विद्यार्थीहरू र उनीहरूका पाहुनालाई संघीय भूमि तथा जलमा नि:शुल्क पहुँच छ**

Nepali

## अध्ययन, खोज, र मनोरञ्जनको संसार हरेक बच्चाको प्रतीक्षामा छ!

4 कक्षाका विद्यार्थीहरूका लागि आह्वान! तपाईंलाई अमेरिकाको संघीय भूमि र जलको बारेमा के थाहा छ? तपाईंले तिनलाई प्राय: सबै ठाउँमा पाउन सक्नुहुन्छ! पोट्रे रिको (Puerto Rico) देखि माइनी (Maine)सम्म र भर्जिनिया (Virginia)देखि प्यासिफिक आइल्याण्ड (Pacific Islands)सम्म, अमेरिकाका केही असाधारण स्थानहरू तपाईंको खोजको प्रतीक्षामा छन्।

आफ्नो सम्पदाका बारेमा जान्नुहोस् र 400 भन्दा बढी राष्ट्रिय निकुञ्जहरू र लाखौं बिघा संघीय भूमि तथा जल अन्वेषण गर्दा प्रकृतिसँगै जोडिनुहोस्। ल्याण्ड बिटविन द लेक्स (Land Between the Lakes), च्यानल आइल्याण्ड्स (Channel Islands), सेन्ट लुइस आर्क( St. Louis Arch), सान एन्टोनियो मिशन्स (SanAntonio Missions),फ्रे डरिक डग्लास (Frederick Douglass) होम, क्यानिओन अफ द एन्सिएन्ट्स (Canyon of the Ancients), र फ्लोरिडा किज (Florida Keys) जस्ता सुन्दर ठाउँहरूको भ्रमण गर्नुहोस्। ब्वाँसाहरू कराएको सुन्नुहोस्, हाम्रा पूर्व ऐतिहासिक डाइनोसर ट्र्याकहरू हेर्नुहोस्, नदीमा सयर गर्नुहोस्, लेविस र क्लार्कका पाइलाहरूमा हिँड्नुहोस्, वा मध्य रातमा आकाशलाई नियाल्नुहोस् र ताराहरू गन्नुहोस्!

*आफ्नो पास कसरी प्राप्त र प्रयोग गर्ने, यात्राको योजना बनाउन मद्दत प्राप्त गर्ने, उपलब्ध शैक्षिक सामग्रीहरूको स्थान फेला पार्ने, र फोन नम्बर तथा ठेगानाहरू फेला पार्ने बारेमा थप जान्न www.everykidinapark.gov मा जानुहोस्।*

**www.everykidinapark.gov**

**अमेरिकाका 4 ग्रेडका सबै विद्यार्थीलाई निमन्त्रणा गरिएको छ।**

यस *पार्कमा हरेक बच्चा* कार्यक्रममा सहभागी भएर, तपाईंले अहिले नै आफ्ना संघीय भूमि तथा जलको भ्रमण तथा अध्ययन गर्न सक्नुहुन्छ। इतिहास र संस्कृतिका लागि रहर जगाउनुहोस् र महत्वपूर्ण ठाउँहरुको सुरक्षाका लागि जीवनभरको प्रण गर्नुहोस्। कक्षाकोठा गतिविधिहरूका अवसरहरू वा यी विशेष ठाउँहरूको सुरक्षामा सहभागी हुने तरिकाहरू बारेमा जान्नुहोस्।

सेप्टेम्बर 1, 2015 को प्रारम्भदेखि, यदि तपाईं अमेरिकी 4 कक्षाको विद्यार्थी (घरमा बसेर पढ्ने र 10 वर्ष उमेरका स्वतन्त्र अध्ययनकर्ताहरू सहित) हुनुहुन्छ भने, तपाईंले एक वर्षका लागि कुनै पनि संघीय भूमि वा जलमा असीमित, नि:शुल्क पहुँच प्राप्त गर्न तपाईंको आफ्नै भौचर डाउनलोड गर्न सक्नुहुन्छ!

**जानुहोस् आफ्नो पास लिनुहोस्!**

पास प्राप्त गर्न सहज छ! www.everykidinapark.gov को "तपाईंको पास लिनुहोस्" भागको भ्रमण गर्नुहोस्, अनलाइन खेल पूरा गर्नुहोस्, र प्रिन्ट गर्नका लागि व्यक्तिगत भौचर डाउनलोड गर्नुहोस् र यसलाई संघीय भूमि र जल स्थानहरूमा प्रयोग गर्नुहोस्। यस कागज भौचरलाई थप स्थायी, अन्तर निकाय वार्षिक 4 ग्रेडको विद्यार्थीको पासलाई निश्चित संघीय भूमि वा जल क्षेत्रहरूमा विनिमय गर्न सकिन्छ। पासहरू जारी गर्ने स्थानहरूको सूची पूरा गर्नका लागि https://store.usgs.gov/pass/PassIssuanceList.pdf को भ्रमण गर्नुहोस्।

यदि तपाईंसँग पास स्वीकार्यता र शुल्कहरू बारेमा प्रश्नहरू छन् भने कृपया प्रत्यक्षा रूपमा संघीय भूमि वा जल क्षेत्रलाई सम्पर्क गर्नुहोस्:

- भू-व्यवस्थापन ब्यूरो (www.blm.gov)
- भूमि उद्धार ब्यूरो (www.usbr.gov)
- अमेरिकी मत्स्य तथा वन्यजन्तु सेवा (www.fws.gov)
- राष्ट्रिय समुद्रिक तथा वायुमण्डलीय प्रशासन (www.oceanservice.noaa.gov)
- राष्ट्रिय निकुन्ज सेवा (www.nps.gov)
- अमेरिकी आर्मी इन्जिनियर कर्पोरेशन (www.corpslakes.us)
- अमेरिकी वनजङ्गल सेवा (www.fs.fed.us)




## भौचर वा पासमा कसलाई समावेश गरिन्छ?

भौचर वा पास भएको 4 कक्षाको विद्यार्थीको रूपमा, तपाईंसँग सवारी साधनमा भएको जोकोही व्यक्तिलाई प्रति सवारी साधन शुल्क लाग्ने यी
स्थानहरूमा नि:शुल्क प्रवेश गराइन्छ। प्रति व्यक्तिको शुल्क लाग्ने ठाउँमा भ्रमण गर्दा, पास भएको 4 ग्रेडको विद्यार्थीसँगका तीनजना युवासम्मको समूहलाई नि:शुल्क प्रवेश गराइनेछ। यदि 4 ग्रेडको विद्यार्थी र उसको वा उनको परिवारले मोटरसाइकल चलाउँदै हुनुहुन्छ भने, यसमा तीनजना युवासम्मको समूहलाई पनि समावेश गरिन्छ! पास प्रयोग गर्नका लागि चौथो कक्षाको विद्यार्थी उपस्थित हुनु पर्नेछ ।

शिक्षकहरू पनि समावेश हुन सक्छन्! आजै अनलाइन हुनुहोस् र थप जान्नका लागि www.everykidinapark.gov मा जानुहोस्।

★ ★ EVERY ★ ★
KID IN A PARK

राष्ट्रिय निकुञ्ज सेवा • वनजङ्गल सेवा

आर्मी इन्जिनियर कर्पोरेशन • भू-व्यवस्थापन ब्यूरो मत्स्य

तथा वन्यजन्तु सेवा • भूमि उद्धार ब्यूरो

राष्ट्रिय समुद्रिक तथा वायुमण्डलीय प्रशासन




## शुल्क नलाग्ने प्रवेश प्राप्त गर्नुहोस्!

केही कर्मचारी रहित संघीय भूमि तथा जलमा, सवारी साधनमा मान्य पास देखिने गरी राख्न आवश्यक हुन्छ। अन्तरनिकाय वार्षिक 4 कक्षाका विद्यार्थी पास उपलब्ध झुन्डाउने ट्याग प्रयोग गरी वा ड्याशबोर्डमा पछाडिको हेर्ने सिसाबाट देखिने हुनुपर्छ। यदि तपाईं, 4 कक्षाको विद्यार्थी, सँग कागज भौचर छ भने, भौचरलाई देखिने बार कोडसँगै ड्याशबोर्डमा राख्नुपर्छ।

यात्रा योजना उपकरणहरू यी वेबसाइटहरूमा प्राप्त गर्न सकिन्छ:

- www.everykidinapark.gov
- www.findyourpark.com
- www.discovertheforest.org
- www.recreation.gov

**पार्कमा हरेक बच्चा बारेमा थप जान्नुहोस्**

पार्कमा हरेक बच्चा नामक वेबसाइटले भौचर र पास कसरी प्राप्त गर्ने, यात्रा योजनाका सुझावहरू, र कसरी सहभागी हुने भन्ने बारेमा जानकारी प्रदान गर्छ। कृपया थप विवरणका लागि www.everykidinapark.gov मा जानुहोस् वा EveryKidinaPark लाई Facebook, Instagram, Twitter, र YouTube मा पछ्याउनुहोस्।

यस www.everykidinapark.gov मा थप जान्नुहोस् र हामीलाई निम्नमा पछ्याउनुहोस्:

## प्राय: सोधिने प्रश्नहरू

Q. **अमेरिकाका 4 कक्षाका विद्यार्थीहरू (घरैमा बसेर पढ्ने र 10 वर्ष उमेरका स्वतन्त्र अध्ययनकर्ता सहित) ले कसरी भौचर वा पास प्राप्त गर्न सक्छन्।**
A. यस www.everykidinapark.gov मा गएर, अनलाइन गेम खेलेर, र व्यक्तिगत बनाइएको भौचर डाउनलोड तथा प्रिन्ट गरेर।

Q. **भौचर वा पास केका लागि मान्य हुन्छ**?
A. पास नि:शुल्क हुन्छ र यसले तपाईंको 4 कक्षाको वर्षको सेप्टेम्बर 1 मा सुरु भएर अगष्ट 31 मा समाप्त हुने गरी पूरा एक वर्षको लागि सबै संघीय भूमि तथा जल क्षेत्रको प्रवेश र स्तरीय रमणीयता शुल्कलाई समेट्छ। यसले क्याम्पिङ, डुङ्गा चलाउने, पार्किङ, विशेष यात्रा, व्याख्यात्मक शुल्कहरू, विशेष अनुमति, वा डुङ्गा सयर जस्ता विस्तारित रमणीयता शुल्कहरू समेट्दैन। साथै, निजी छूटग्राहीहरूले संघीय भूमि तथा जलमा केही सुविधाहरू र गतिविधिहरूको व्यवस्थापन गर्छन् र पास प्रदान गर्नेछैनन्। कृपया पास स्वीकार्यताका लागि थप जानकारी प्राप्त गर्न तपाईं भ्रमणमा जाने स्थानको बारेमा सोधखोज गर्नुहोस्।

Q. **एउटा भौचर वा पासले एकभन्दा बढी सवारी साधनको प्रवेशलाई अनुमति दिन्छ**?
A. दिँदैन । सवारी साधनमा उपस्थित पास मालिकले मात्र नि:शुल्क प्रवेश गर्न सकिन्छ।

Q. **पास मालिकले साइकलमा भएका अन्य साथीको साथमा संघीय भूमि वा जल क्षेत्रहरूमा प्रवेश प्राप्त गर्न सकिन्छ**?
A. सकिन्छ। पास मालिक र साइकलमा सवार तीन जना युवासम्मको समूहले नि:शुल्क प्रवेश गर्न सक्छन्।

Q. **चोरी भएको वा हराएको भौचर वा पासलाई प्रतिस्थापन गर्न सकिन्छ**? **सिरियल नम्बरहरूलाई ट्र्याक गर्न सकिन्छ**?
A. सकिंदैन। गोपनीयता तथा लजिस्टिकल महत्त्वका कारण, हराएमा वा चोरी भएमा पासहरूको प्रतिस्थापन गर्न सकिंदैन; www.everykidinapark.gov वेबसाइटमा गएर नयाँ कागज भौचर प्राप्त गर्न समान गतिविधिहरू पूरा गरी नयाँ भौचर वा पासमा पहुँच गर्नुपर्छ।

Q. **यदि मैले क्षेत्रमा मेरो भौचर वा पास ल्याउन बिर्सिएँ र प्रवेश वा प्रयोग शुल्क भुक्तान गरेमा, मैले पत्राचार मार्फत रसिद र पास वा भौचरको प्रतिलिपि पठाउन र रकम फिर्ता प्राप्त गर्न सक्छु**?
A. रकम फिर्ताहरू जारी गरिएका छैनन्। पास वा भौचर प्रतिलिपिहरू, इलेक्ट्रोनिक छवि, र पासहरू बिनाका झुन्डाउने ट्यागहरू प्रवेश प्रयोगका लागि मान्य हुँदैनन्।

Q. **मैले मेरो साथीलाई प्रयोग गर्नका लागि कागज भौचर वा अन्तरनिकाय वार्षिक 4 ग्रेड विद्यार्थी पास दिन सक्छु**?
A. सकिन्न। तपाईं, पास मालिक (4 कक्षाको विद्यार्थी) पास प्रयोग हुँदा उपस्थित हुनुपर्छ। यो स्थानान्तरीय हुँदैन।